**12 Dec 2025**

**आकाशवाणी समाचार**

**मुख्य समाचार**

- **मणिपुरका सेनापति जिल्लामा शिक्षा, स्वास्थ्य र पूर्वाधारका महत्वपूर्ण परियोजनाहरूको शुभारम्भ**
- **2027-मा जनगणना आयोजना गर्नका लागि 11 हजार करोड भन्दा अधिक बजेट अनुमोदन**
- **पूर्व केन्द्रीय मन्त्री शिवराज पाटिलको निधनप्रति उच्च नेतृत्वद्वारा श्रद्धाञ्जली**
- **जाडोमा कुहिरोका बीच उडान सुरक्षाका तयारीबारे नागरिक उड्डयन मन्त्री नायडूद्वारा व्यापक समीक्षा**
- **देशभरि रेल दुर्घटनामा 90 प्रतिशतको कमी आएको केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवको भनाई**

**मणिपुरका सेनापति जिल्लामा शिक्षा, स्वास्थ्य र पूर्वाधारका महत्वपूर्ण परियोजनाहरूको शुभारम्भ**

राष्ट्रपति द्रौपदी मुर्मुले आज मणिपुरको सेनापति जिल्लामा कार्यान्वयन भइरहेका छ-वटा विकास परियोजनहरुको उद्घाटन गर्नुभयो। साथै, उहाले जिल्लाका पाँच अन्य विकास योजनाहरूको शिलान्यास पनि गर्नुभयो। उद्घाटन गरिएका परियोजनामा 25 करोड रुपैयाँको लागतमा निर्माण भएको आदर्श आवासीय विद्यालय, 10 करोड रुपैयाँ लागतमा स्तरोन्नत गरिएका दुई प्राथमिक स्वास्थ्य केन्द्र तथा 11 करोड रुपैयाँमा निर्मित दुई बेली पुल समावेश छन्। यी परियोजनाहरू आवास, जनसुरक्षा, स्वास्थ्य सेवा, सामुदायिक तथा जनजातीय विकास, शिक्षा लगायतका क्षेत्रमा आधारित छन्। एक सार्वजनिक सभालाई सम्बोधन गर्दै उहाले, प्रधानमन्त्री जनमन योजनाअन्तर्गत आदिवासी समुदाय, विशेषगरी निजी आदिवासी समूहहरूको उत्थानका लागि थुप्रै पहल सुरु गरिएको जानकारी दिनुभयो, जसले उहाहरूको जीवनस्तरमा थप सुधार ल्याउनेछ। राष्ट्रपतिले भन्नुभयो कि मणिपुरको वास्तविक शक्ति त्यहाँको विविधता, संस्कृति, भाषा र परम्परामा निहित छन्। श्रीमती मुर्मु, हिजो दुईदिने भ्रमणका लागि इम्फाल पुग्नुभएको थियो। इम्फालस्थित सिटी कन्वेन्सन सेन्टरमा आयोजित नागरिक स्वागत समारोहमा उहाले एक हजार तीन सय सत्तासी करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास पनि गर्नुभएको थियो।

**2027-मा जनगणना आयोजना गर्नका लागि 11 हजार करोड भन्दा अधिक बजेट अनुमोदन**

केन्द्रीय मन्त्रिपरिषद्ले 2027 जनगणनामा आयोजना गर्नका लागि 11 हजार 7 सय 18 करोड रुपैयाँको बजेट अनुमोदन गरेको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले जनगणना 2027 दुई चरणमा सञ्चालन हुने जानकारी दिनुभएको छ। मन्त्रीका अनुसार जनगणना 2027 भारतको 16औँ तथा स्वतन्त्रतापछि गरिने आठौँ जनगणना हुनेछ। उहाले भारतको जनगणनालाई विश्वकै सबैभन्दा ठूलो प्रशासनिक तथा सांख्यिकीय अभियानका रूपमा मानिने उल्लेख गर्नुभयो। श्री वैष्णवले 2027 को जनगणनामा जातिगत विवरण (Caste Enumeration) समावेश पनि गरिने जानकारी दिनुभयो। यसपटकको जनगणना पूर्ण रूपमा डिजिटल हुनेछ। तथ्यांक संकलनका लागि मोबाइल एप प्रयोग गरिनेछ, जुन एन्ड्रोइड र आईओएस दुवै संस्करणमा उपलब्ध हुनेछ। यस अभियानमा लगभग 30 लाख फाँट–कर्मचारी परिचालन गरिनेछ। यस जनगणनाले देशको सम्पूर्ण जनसंख्या समेट्नेछ। यस अन्तर्गत हरेक घरमा पुगेर 'गृह सूचीकरण तथा आवास जनगणना' र 'जनसंख्या गणना'का लागि छुट्टाछुट्टै प्रश्नावली भरिने प्रक्रिया अपनाइनेछ।

**पूर्व केन्द्रीय मन्त्री शिवराज पाटिलको निधनप्रति उच्च नेतृत्वद्वारा श्रद्धाञ्जली**

राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, पूर्व केन्द्रीय मन्त्री शिवराज पाटिलको निधनप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ। राष्ट्रपतिले सामाजिक सञ्जालमार्फत शोक सन्देश दिँदै भन्नुभयो कि आफ्नो जीवनमा श्री पाटिलले लोकसभा अध्यक्ष, केन्द्रीय मन्त्री, राज्यपाल र सांसदलगायत अनेक महत्वपूर्ण जिम्मेवारी सम्हाल्दै राष्ट्रलाई उल्लेखनीय योगदान पुर्याउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले स्वर्गीय पाटिललाई अनुभवी र जनसमर्पित नेता भन्दै श्रद्धाञ्जली अर्पण गर्नुभयो।

**सञ्चार माध्यमका**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज भन्नुभएको छ कि सरकारले सञ्चार माध्यमका प्लेटफर्महरूमा फैलिने भ्रामक समाचार तथा डीप-फेक सामग्रीसँग प्रभावकारी रूपमा सामना गर्न सम्बन्धित संयन्त्रलाई अझ सुदृढ बनाएको छ। राज्यसभामा एक प्रश्नको उत्तर दिँदै मन्त्री वैष्णवले भन्नुभयो कि भ्रामक सामग्री नियन्त्रणका लागि आवश्यक व्यापक कानुनी तथा संस्थागत संरचना पहिले नै उपलब्ध छ।

उहाका अनुसार डिजिटल सञ्चार माध्यममा समाचार तथा चलिरहेको घटनाक्रम सम्बन्धी सामग्रीका लागि सूचना प्रविधि नियमावली, 2021 अन्तर्गत आचार संहिता लागू छ। मन्त्रीले थप बताउनुभयो की टेलिभिजन च्यानलहरूले केबल टेलिभिजन नेटवर्क (नियमन) ऐन

अन्तर्गत तोकिएको कार्यक्रम संहिता अनिवार्य रूपमा पालना गर्छन्। यस संहिताले अश्लील, मानहानिकारक, झुठो जानकारी दिने, भ्रामक संकेत गर्ने वा आधा–सत्यमा आधारित कुनै पनि सामग्री प्रसारण गर्न प्रतिबन्ध लगाउँछ।

**जाडोमा कुहिरोका बीच उडान सुरक्षाका तयारीबारे नागरिक उड्डयन मन्त्री नायडूद्वारा व्यापक समीक्षा**

नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले जाडो याममा कुहिरोका कारण प्रभावित हुने उडान व्यवस्थापन तथा तयारीको मूल्यांकन गर्न एक व्यापक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। सामाजिक सञ्जालमार्फत जानकारी दिँदै उहाले भन्नुभयो कि नागरिक उड्डयन हानिर्देशालय, भारतीय विमानपत्तन प्राधिकरण, विमानस्थल सञ्चालक, विमान सेवाप्रदायक कम्पनीहरू तथा केन्द्रीय औद्योगिक सुरक्षा बल (CISF) सहित सम्बन्धित सबै निकायलाई पूर्ण अनुपालन सुनिश्चित गर्न, स्पष्ट जिम्मेवारी तोक्न तथा कुहिरोको समयमा सञ्चालनका लागि कडाइका साथ मानक कार्यविधि (SOP) लागू गर्न निर्देशन दिइएको छ। मन्त्री नायडूले सुचारू उडान सञ्चालन कायम राख्न वास्तविक–समय डेटा आदान–प्रदान, 'वार रूम' सक्रियता तथा आवश्यक योग्य चालक दलसहित मानकअनुरूपका विमानहरूको तैनातीको आवश्यकता जोड दिनुभयो।

**देशभरि रेल दुर्घटनामा 90 प्रतिशतको कमी आएको केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवको भनाई**

सरकारले आज जनाएको छ  कि देशभरि रेल दुर्घटनामा 90 प्रतिशतको कमी आएको छ। केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले जानकारी दिँदै भन्नुभयो कि वर्ष 2004 देखि 2014 को अवधिमा एक हजार सात सय एघार रेल दुर्घटना भएका थिए, तर ती घटना वर्ष 2024 अनि 2025 मा घटेर 34 मात्र रहे र वर्ष 2025 अनि 2026 मा झनै घटेर 11 पुग्ने  उहाले विश्वास व्यक्त गर्नुभएको छ।

राज्यसभामा आज एक प्रश्नको लिखित जवाफमा श्री वैष्णवले भन्नुभयो की,यात्रुहरूको सुरक्षा र संरक्षण भारतीय रेलको शीर्ष प्राथमिकता हो। उहाले बताए अनुसार दुर्घटना रोक्न पहिचान गरिएका 'ब्ल्याक स्पट' तथा संवेदनशील खण्डहरूको नियमित गस्ती कार्य रेल कर्मचारी, रेलवे सुरक्षा बल,रेलवे पुलिस र सिभिल पुलिसमार्फतगरिँदै आएको छ।

श्री वैष्णवले थप बताउनुभयो कि कुहिरो पर्ने सम्भावित क्षेत्रमा लोको पाइलटहरूलाई जीपीएस आधारित कुहिरो सुरक्षा उपकरण उपलब्ध गराइएका छन्। यस उपकरणबाट लोको पाइलटले सिग्नल तथा लेभल क्रसिङ गेटजस्ता महत्वपूर्ण स्थानहरूसम्मको दूरी थाहा पाउन सक्नेछन्। उहाँ बताए अनुसार, लेभल क्रसिङ गेटमा सुरक्षा अभिवृद्धि गर्न देशभरका दश हजारभन्दा बढी गेटमा लेभल क्रसिङ गेट इन्टरलकिङ सुविधा उपलब्ध गराइएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **मणिपुरका सेनापति जिल्लामा शिक्षा, स्वास्थ्य र पूर्वाधारका महत्वपूर्ण परियोजनाहरूको शुभारम्भ**
- **2027-मा जनगणना आयोजना गर्नका  लागि 11 हजार करोड भन्दा अधिक बजेट अनुमोदन**
- **पूर्व केन्द्रीय मन्त्री शिवराज पाटिलको निधनप्रति उच्च नेतृत्वद्वारा श्रद्धाञ्जली**
- **जाडोमा कुहिरोका बीच उडान सुरक्षाका तयारीबारे नागरिक उड्डयन मन्त्री नायडूद्वारा व्यापक समीक्षा**
- **देशभरि रेल दुर्घटनामा 90 प्रतिशतको कमी आएको केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवको भनाई**